मिक्लाजुङ गाउँपालिका, मोरङ

# स्थानीय राजपत्र

खण्ड ९ संख्या १ मितिः असार १० गते, २०८२ साल

## भाग-२

मिक्लाजुङ गाउँपालिका

राजपत्रमा प्रकाशन मितिः २०८२।०३।१०

मिक्लाजुङ गाँउपालिकाको अस्पताल व्यवस्थापन कार्यविधि, २०८० प्रथम संशोधन ,२०८२ सम्बन्धित सम्पूर्ण सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# अस्पताल व्यवस्थापन कार्यविधि, २०८० प्रथम संशोधन २०८२

प्रमाणिकरण मितिः २०८२।०३।०६

मिक्लाजुङ गाउँपालिकाको स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित र गुणस्तरिय बनाउनको लागि यस गाउँपालिकाको अस्पताल व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न बान्छनिय देखिएकोले तपसिल बमोजिम संशोधन गरिएको छ ।

अस्पताल व्यवस्थापन कार्यविधि २०८०

पहिलो संशोधन २०८२

| क्र.स. | कार्यविधिमा मौजुदा भएका व्यवहोराहरु | संशोधन/थपघट गर्नुपर्ने व्यवहोराहरु |
|---|---|---|
| १. | "स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार" भन्ने वाक्य पछि | " र मिक्लाजुङ गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार समेत प्रयोग गरि" भन्ने वाक्य थप गरिएको । |
| २. | कार्यविधिको परिच्छेद १ को दफा २ (ग) को सट्टामा | "अस्पताल प्रमूख भन्नाले अस्पतालमा पुरा समय कार्य गर्ने गरि नियुक्त चिकित्सकहरु मध्ये सबैभन्दा वरिष्ठ चिकित्सकलाइ सम्झनु पर्दछ।" भन्ने वाक्य राखिएको । |
| ३. | कार्यविधिको परिच्छेद १ को दफा २ (च) को सट्टामा | "कार्यालय भन्नाले पालिका स्तरीय अस्पताल लाइ सम्झनु पर्दछ" भन्ने वाक्य राखिएको । |
| ४. | कार्यविधिको परिच्छेद ३ को दफा ८ (१) को सट्टामा | "समितिले प्रत्येक वर्ष ज्येष्ठ मसान्त भित्र आगामी आर्थिक वर्षको आय र व्ययको अनुमान गरी गाँउ कार्यपालिकामा पेश गर्नु पर्नेछ।" भन्ने वाक्य राखिएको । |
| ५. | कार्यविधिको परिच्छेद ४ को दफा १८ (६) को सट्टामा | "उपदफा ५ बमोजिम उपलब्ध गराइने कार्य सम्पादन प्रोत्साहन भत्ता बापतको रकम अस्पतालको आन्तरिक आयको दश प्रतिशत भन्दा बढी हुनेछैन" भन्ने वाक्य राखिएको । |
| ६. | कार्यविधिको परिच्छेद ५ को दफा २१ (१) को सट्टामा | "गाउँकार्यपालिकाको कार्यालय बाट निशुल्क वितरणका लागि उपलब्ध गराइएको औषधी तथा अस्पताल फार्मेसीबाट बिक्री वितरण गरिने औषधी अपर्याप्त भएमा तथा स्वास्थ्य सम्बन्धी उपकरण आवश्यक भएमा प्रचलित कानून बमोजिम समितिको निर्णय अनुसार स्वीकृत बजेटको सीमा भित्र रही आवश्यक औषधी तथा उपकरण खरिद गर्न सक्नेछ" भन्ने वाक्य राखिएको । |
| ७. | कार्यविधिको परिच्छेद ६ को दफा २५ को सट्टामा | "साझेदारी गर्न सक्ने: अस्पतालले आफ्नो सेवा थप तथा विस्तार एंव सुदृढीकरण गर्न सम्बन्धित निकाय सँग समितिको निर्णय बमोजिम साझेदारी गर्न सक्नेछ । विदेशी नागरिक तथा संघ संस्था संग साझेदारी गर्न परेमा नेपाल सरकारको पूर्व स्वीकृति लिइ पर्नेछ" भन्ने वाक्य राखिएको । |
| ८. | कार्यविधिको परिच्छेद ८ को दफा २८ को सट्टामा | "अस्पतालको छाप : अस्पतालको सम्पूर्ण काम कारवाहीका लागि छुट्टै छाप हुनेछ । अस्पतालको छापमा नेपाल सरकारको निशान छापको मुनी मिक्लाजुङ गाउँपालिका, सो |

| | | |
|---|---|---|
| | | को मुनी अस्पतालको नाम र सबभन्दा मुनी अस्पतालको ठेगाना राख्नुपर्नेछ । सो को ढाँचा अनुसुची-२ बमोजिम हुनेछ" भन्ने वाक्य राखिएको। |
| ९. | कार्यविधिको परिच्छेद ८ को दफा २९ को सट्टामा | "वार्षिक प्रतिवेदन पेश गर्ने : अस्पतालले वर्ष भरिको काम कारवाहीको प्रतिवेदन हरेक वर्षको जेष्ठ महिना भित्र कार्यपालिकामा पेश गरी कार्यपालिका मार्फत गाउँसभामा पेश गरी सभाले अनुमोदन गर्नुपर्नेछ" भन्ने वाक्य राखिएको । |
| १० | कार्यविधिको परिच्छेद ८ को दफा ३५ को सट्टामा | "अनुगमन : कार्यपालिका वा कार्यपालिकाको कार्यालयले प्रचलित कानून बमोजिम अस्पतालको अनुगमन गर्न सक्नेछ । अनुगमनबाट प्राप्त निर्देशन पालना गर्नु अस्पतालको कर्तव्य हुनेछ" भन्ने वाक्य राखिएको । |
| ११ | | थप गरिएको अनुसूचि देहाय बमोजिम रहेको छ<br>**अनुसूचि २**<br>(दफा २८ संग सम्वन्धित)<br>अस्पतालको छापको ढाँचा<br> |

आज्ञाले

तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत